# विस्तृत शान्ति सम्झौता अनुगमन
# राष्ट्रिय प्रतिवेदन

**२०६४ आषाढ-कार्तिक (जुलाई-अक्टोवर, २००७)**


**पपुलेशन वाच/इन्हुरेड इन्टरनेशनल**

युद्ध विश्राम, झम्सीखेल, ललितपुर, नेपाल

फोन : ५५३१८८६, फ्याक्स : ५५४७६१६

इमेल : info@popwatch.org.np

www.inhurednepal.org

# विस्तृत शान्ति सम्झौता अनुगमन
# राष्ट्रिय प्रतिवेदन

## २०६४ आषाढ-कार्तिक  (जुलाई-अक्टोवर, २००७)

## पृष्ठभूमि

नेपाल सरकार र नेकपा (माओवादी) बीच  २०६३ मंसिर ५ गते सम्पन्न ऐतिहासिक विस्तृत शान्ति सम्झौताको नागरिक स्तरबाट इन्हुरेड इन्टरनेशनल एवं वि ग्रुपको सहकर्मीतामा पपुलेशन वाचले २०६४ आषाढ १६ गतेदेखि मुलुकका पाँचै विकास क्षेत्रको प्रतिनिधित्व सुनिश्चित गरि केही जिल्ला,गा.वि.स.तथा नगरपालिकालाई विशेष आधार बनाई शान्ति सम्झौताको परिपालना भए/नभएको अनुगमन कार्य गरिरहेको विदितै छ ।

### अनुगमनका मुख्य आधारक्षेत्र

प्रारम्भिक चरण ः

| विकास क्षेत्र | जिल्ला | गा.वि.स. | नगर पालिका |
|---|---|---|---|
| पूर्वाञ्चल | मोरङ्ग | दुलारी, मधुमल्ला, दर्वेशा, उर्लावारी, सुन्दरपुर | विराटनगर उप-महानगरपालिका |
| मध्यमाञ्चल | ललितपुर | इमाडोल, लुभु, चापागाउँ, लेले, डुकुछाप | ललितपुर उप-महानगरपालिका |
| पश्चिमाञ्चल | कास्की | कालिका, घाचोक, थुम्की, ढिकुरपोखरी, भरतपोखरी | पोखरा उप-महानगरपालिका |
| मध्य-पश्चिमाञ्चल | बांके | मनिकापुर, बागेश्वरी, कोहलपुर, रनियापुर, कारकादो | नेपालगञ्ज |
| सुदुर-पश्चिमाञ्चल | कन्चनपुर | देखतभूली, कृष्णपुर, लक्ष्मीपुर, चाँदनी, पिपलाडी | महेन्द्रनगर |

विस्तारित चरण ः

| विकास क्षेत्र | जिल्ला |
|---|---|
| पूर्वाञ्चल | झापा, इलाम, धनकुटा, मोरङ्ग, सुन्सरी र तेह्रथुम |
| मध्यमाञ्चल | काठमाडौं, ललितपुर, भक्तपुर, सिन्धुपाल्चोक, बारा र रौतहट |
| पश्चिमाञ्चल | कास्की, स्याङ्जा, पर्वत, तनहुँ, नवलपरासी र बाग्लुङ्ग |
| मध्य-पश्चिमाञ्चल | सल्यान, दाङ्ग, जुम्ला, प्युठान, बाँके र बर्दिया |
| सुदुर-पश्चिमाञ्चल | दार्चुला, डडेलधुरा, कञ्चनपुर, बझाङ्ग, कैलाली र बैतडी |

भोली  मंसीर ६ गते हुने भनिएको संविधानसभाको निर्वाचन स्थगित भएपछि मुलुकमा राजनीतिक अस्थिरता छाएको छ । राज्य एवं माओवादी दुवै पक्ष शान्ति सम्झौताको परिपालनाका सन्दर्भमा पूर्ण वफादारी बन्न नसक्नु, राजनैतिक दलहरुबीच सहमति बन्न नसक्नु, दलहरु आफ्नो अडानमा कायम रहनु र आफ्ना माग पूरा नभएका कारण नै तेस्रो पटक सारिएको तिथीमा समेत हुने भनिएको संविधान सभाको निर्वाचन स्थगित हुनुले शान्ति प्रकृया थप अन्यौलमा पर्न गइ राजनैतिक संकट देखा पर्ने परिवेशको सृजना भएको छ । यस सन्दर्भमा वर्तमान बदलिंदो राजनीतिक परिवेशमा व्यापक रुपमा शान्ति सम्झौताको उल्लंघन एवं मानव अधिकार उल्लंघन घटनाहरु हुन सक्ने भएको कारण राष्ट्रिय एवं अन्तर्राष्ट्रिय तवरबाट समेत  मुलुकमा शान्ति सम्झौताको व्यापक अनुगमन हुनु जरुरी देखिन्छ ।

## अनुगमन सार-संक्षेप

विशेषगरी विस्तृत शान्ति सम्झौता-२०६३ सँग प्रत्यक्ष सम्बन्ध रहेका पक्षबाट घटेका घटनाहरुलाई केन्द्र विन्दु बनाई अध्ययन सम्पन्न गरिएको छ । सकेसम्म स्थलगत अध्ययनको आधारमा प्राथमिक सूचना प्रतिवेदन तयार गरिएको छ । स्थलगत अध्ययन गर्न नसकिएका घटनाहरुलाई समेत अन्य स्रोतबाट सूचना प्राप्त गरी रूजु तथा विश्लेषणका आधारमा अनुगमनको दायराभित्र राखिएको छ ।

समष्टिगतरुपमा हेर्दा सरकार-माओवादीबीच भएको शान्ति सम्झौता पूर्णरूपमा कार्यान्वयन हुन नसकेका कारण जनतामा अझैसम्म डर, त्रास र चिन्ता बढ्दै गएको छ । पीडित परिवारले राहत एवं क्षतिपूर्ति पाउन सकिरहेको अवस्था छैन । मानव अधिकार एवं मानवीय कानुनका उल्लंघनकारीहरु दण्डउन्मुक्तिका साथ निर्वाध रूपमा जिल्ला सदरमुकाम, गाउँ र समुदायमा हिडिरहेका छन् । जनतामा शान्तिको प्रत्याभूति भएको छैन । मुलुकमा शान्ति सम्झौता भइसकेको अवस्थामा समेत युद्धकालमा विस्थापित हुन पुगेकाहरू परिवारहरू अझैसम्म निर्धक्क आफ्नो ठाउँ जान सकिरहेका छैनन् । युद्धकालमा वेपत्ता बनाइएका व्यक्तिहरूको दुवै पक्षले ६० दिनभित्र सार्वजनिक गर्ने प्रतिबद्धता "विस्तृत शान्ति सम्झौता" मा उल्लेख गरिएको भए पनि व्यवहारमा हालसम्म त्यो कुराको कार्यान्वयन हुन सकिरहेको अवस्था छैन ।

घटना विशेषको अध्ययन गर्ने हो भने शान्ति सम्झौता उल्लंघनमा नेकपा (माओवादी) अग्रस्थानमा रहेको पाइन्छ तथापि शान्ति सम्झौताको राजनैतिक परिपक्कता एंव इमान्दारितापूर्वक परिपालना गर्ने अहम दायित्वबाट राज्य विचलित भएको पाइएको छ ।

## अनुगमनका उद्देश्यहरू

- विस्तृत शान्ति सम्झौता उल्लंघन भए/नभएको अध्ययन गरी प्रतिवेदन तयार गर्ने ।
- सम्झौताका उल्लघन पक्षधरलाई जवाफदेही बनाउन तयार पारिएको प्रतिवेदन सार्वजनिक गर्ने तथा सम्बन्धित निकायमा प्रमाणका रूपमा पेश गर्ने ।
- पीडितलाई न्याय प्रदान गर्न राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रमा वकालत अभियान संचालन गर्ने ।

## अनुगमनको विधि

- उल्लंघनका घटनाहरुको निरन्तर सामूहिक स्थलगत अनुगमन गरिएको ।
- सम्बन्धित व्यक्ति एवं प्रत्यक्षदर्शीहरुसँग भेटघाट गरी घटनासम्बन्धी अन्तरक्रिया गरिएको ।
- पीडितका परिवार, आफन्त एवं छिमेकीहरुसँग भेटघाट/सम्वाद गरिएको ।
- स्थानीय मानव अधिकारकर्मी, कानुन व्यवसायी संचारकर्मी एवं नागरिक समाजका प्रतिनिधिसँग भेटघाट गरिएको ।
- प्रशासन प्रमुख, सुरक्षाकर्मी एवं अन्य सरोकारवाला व्यक्तिहरुसँग प्रत्यक्ष भेटघाट गरी घटनाका सम्बन्धमा विस्तृत जानकारी हासिल गरिएको ।
- विद्युतीय तथा छापा सञ्चार माध्यमबाट सार्वजनिक भएका घटनाहरुको अभिलेखीकरण तथा रूजु गरिएको ।

# विस्तृत शान्ति सम्झौता पश्चात् हालसम्म कार्यान्वयन नभइरहेका मुख्य बुँदाहरु

विस्तृत शान्ति सम्झौताको प्रस्तावनामा नै उल्लेख भए अनुसार मुलुकमा संचालित दशवर्षे जनयुद्धको अन्त्य गर्न, ऐतिहासिक जनआन्दोलनमा प्रकट भएको जनादेशको सम्मान गर्दै संविधानसभाको माध्यमबाट राज्यको अग्रगामी पुनसंरचना गर्ने प्रतिबद्धता स्वरुप नेपाल सरकार र नेकपा (माओवादी) बीच शान्ति सम्झौता भएको भएता पनि हाल देशमा देखिएको राजनीतिक अन्यौलता र संविधानसभाको अनिश्चित भविष्यले शान्ति सम्झौताको मूल मर्म र भावना विपरित कार्य भइरहेको पुष्टि गर्दछ ।

| राज्यद्वारा | ने.क.पा. माओवादीद्वारा | दुवै पक्षद्वारा |
|---|---|---|
| • दफा ३.३ अनुसार राजा वीरेन्द्र र ऐश्वर्यको सम्पत्ति नेपाल सरकारको मातहतमा ल्याई एउटा छुट्टै कोष बनाउने राजाको हैसियतले प्राप्त गरेको राजा ज्ञानेन्द्रको सबै सम्पत्ति राष्ट्रियकरण गरिने कुरा उल्लेख छ तर एक/दुईवटा दरवार राष्ट्रियकरण गरिएको भन्ने निर्णयबाहेक यसको ठोस कार्यान्वन हालसम्म हुन सकेको छैन ।<br>• दफा ४.३ अनुसार अस्थाई शिविरमा बसेका माओवादी लडाकुहरूको रसद पानी र अन्य व्यवस्था नेपाल सरकारले गरिने भनिएता पनि नेपालका लागी राष्ट्र संघिय मिसन लगायत विभिन्न मानव अधिकारकर्मी संघसंस्थाले पटक-पटक गरेका अनुगमनबाट त्यहाँ न्यूनतम आधारभूत आवश्यकताबाट समेत माओवादी लडाकुहरू बञ्चित रहेका छन् भन्ने प्रतिवेदन सार्वजनिक हुनुले यो दफा उल्लंघन भएको देखिन्छ ।<br>• दफा ४.४ बमोजिम माओवादी लडाकुहरूको रेखदेख, समायोजन र पुनर्स्थापनाका निम्ति अन्तरिम मन्त्रिपरिषद्ले बनाउने भनिएता पनि सौ सम्बन्धमा हालसम्म कुनै ठोस कार्य हुन सकेको छैन । यद्यपि, माओवादी नेता कृष्णबहादुर महराको संयोजकत्वमा गठित समितिले लडाकुहरुको रेखदेख मात्र गर्दै आइरहेको छ ।<br>• दफा ५.१.२ अनुसार दुवै पक्षले सैनिक भर्ती नगर्ने भनिएता पनि यसको विपरित नेपाली सेनाले सैनिक भर्तीको विज्ञापन गरी छनोट प्रक्रिया थालनी गरेको छ ।<br>• दफा ५.२.२ बमोजिम कब्जा रहेका रहेका वा राजनीतिक बन्दीलाई १५ दिनभित्र मुक्त गर्नु पर्नेमा आफ्ना राजनीतिक बन्दीहरु हालसम्म मुक्त नभएको कुरा माओवादीले दाबी गर्दै आएको छ । | • दफा ५.१.१ को (ङ) अनुसार हत्या तथा हिंसात्मक कारवाही बन्द गरिने, सोही दफाको (च) अनुसारअपहरण/पक्राउ/थुनछेक/बेपत्ता पार्ने कार्य र सोही दफाको (छ) अनुसार सार्वजनिक/निजी/सरकारी वा सैनिक सम्पत्ति नोक्सानी दुवै पक्षबाट नगरिने उल्लेख गरिएको भए पनि नेकपा (माओवादी) द्वारा व्यवहारमा उक्त कुरा लागु हुन सकेको छैन जसले गर्दा यो दफा उल्लंघन भएको छ ।<br>• दफा ५.१.८ बमोजिम सशस्त्र द्वन्द्वका क्रममा कब्जा गरिएका, ताला लगाइएका वा प्रयोग गर्न नदिएका सरकारी, सार्वजनिक निजी भवन, जमीन तथा अन्य सम्पत्तिहरूको लगत खडा गरी तत्काल फिर्ता गर्न दुवै पक्ष सहमति व्यक्त गर्दछन् भनिएता पनि विशेषगरी माओवादीबाट यसको पूर्ण रुपमा कार्यान्वयन भएको छैन । बरु अन्य घर जग्गा कब्जा भइरहेका घटनाहरू सार्वजनिक भएका छन् ।<br>• दफा ५.२.१ तथा दफा ७.५.५ विपरित माओवादीबाट नगद जिन्सी र कर असुल भएका घटनाहरू सार्वजनिक भइरहेका छन् ।<br>• दफा ५.२.८ बमोजिम विस्थापित व्यक्तिहरू हालसम्म पनि स्वेच्छाले आफ्नो पूर्वस्थान फर्की बसोबास गर्ने वातावरण बन्न नसक्नुले पनि यो दफा उल्लंघन भएको देखिन्छ ।<br>• दफा १०.१ विपरित माओवादी निकट वाइसिएलका कतिपय गतिविधिहरूले सरकार वा राज्यसंयन्त्रको समानान्तर संयन्त्र अनुसार कार्य भइरहेको जनाउँछ । तसर्थ, यो दफाको पनि पूर्ण रुपमा कार्यान्वयन हुन सकेको छैन । | • दफा ३.३ अनुसार राजसंस्था कायम रहने वा नरहने कुरा संविधान सभाको पहिलो बैठकले निर्णय गर्ने भनिएता पनि संविधान सभाको चुनाव अगावै गणतन्त्र घोषणा गरिनुपर्छ भन्ने बहसले यो दफाको परिपालनामा कटिवद्धत्ता देखिएको छैन । जसका कारण राजनैतिक समिकरण परिवर्तन भइ थप अन्यौलता सृजना भएको छ ।<br>• दफा ५.१.४ अनुसार दुवै पक्षले युद्धको समयमा प्रयोग गरिएका धराप तथा बारुदी सुरुङ्गहरूको रेखांकन तथा भण्डारबारे ३० दिनभित्र एक/अर्कालाई जानकारी दिन र ६० दिनभित्र निश्क्रिय र निर्मुल गर्न एक/अर्कालाई सहयोग गर्ने कुरा उल्लेखछ तर सो कुरा पालना हुन नसक्दा बेवारिसे बम विस्फोटबाट विभिन्न ठाउँमा बालबालिका लगायत अन्य व्यक्तिको मृत्यु भइरहेको घटना सार्वजनिक भएका छन् ।<br>• दफा ५.१.५ अनुसार कुनै पनि नागरिक सभा वा राजनीतिक सभा वा सार्वजनिक कार्यक्रममा दुवै पक्षका सेना हतियार वा कम्ब्याट पोशाक सहित उपस्थित हुने छैन भनिएका भएता यस विपरित मओवादी सेनाहरू कम्ब्याट पोशाकमा विभिन्न स्थानमा उपस्थित भइरहेका छन् भने नेपाली सेना पनि ठाउँ-ठाउँमा गस्ती/निरीक्षणमा गएको कुरा प्रकाशित भइरहेको छ । (उदाहरणको लागि २०६४ असोज १७ गते नेपाल टेलिभिजनमा गरिएको सैनिक निरीक्षण, त्यसैगरी माओवादी लडाकुद्वारा विभिन्न स्थानमा गरिएको सैन्य प्रदर्शन)<br>• दफा ५.२.३ बमोजिम बेपत्ता पारिएका र युद्धको समयमा मारिएका व्यक्तिहरूको नाम थर र घरको ठेगानासहित वास्तविक स्थिति शान्ति सम्झौता भएको ६० दिनभित्र सार्वजनिक गर्ने भनिएता पनि १ वर्ष वितिसक्दा समेत यो हुन सकेको छैन ।<br>• काठमाडौं उपत्यकामा हालसालै भएका श्रृखलाबद्ध बम विस्फोटनका घटनामा नेपाली सेना तथा माओवादीले एक-आपसमा आरोप/प्रत्यारोप गरिएको घटना शान्ति सम्झौता विपरित छ । |

# विस्तृत शान्ति सम्झौता अनुगमन तथ्यांक
## (जुलाई-अक्टोवर २००७)

माओवादीद्वारा परिपालना नगरिएका प्रतिनिधिमुलक घटनाहरु

| क्र.सं. | घटना प्रकृति | पूर्वाञ्चल | मध्यमाञ्चल | पश्चिमाञ्चल | मध्यपश्चिमाञ्चल | सुदुरपश्चिमाञ्चल | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | हत्या | ० | २ | ० | ० | ० | २ |
| २ | अपहरण | ४ | १० | ४ | १० | ३ | ३१ |
| ३ | कुटपिट/जबर्जस्ती | २० | २२ | १६ | १९ | २२ | ९९ |
| ४ | घर जग्गा/सवारी साधन/हतियार/सरकारी सम्पत्ति/नगद कब्जा | १४ | १० | २ | १२ | ४ | ४२ |
| ५ | चन्दा तथा कर संकलन | ५ | ९ | ३ | ३ | ५ | २५ |
| ६ | विस्थापन | ४ | १ | ४ | २ | १ | १२ |
| ७ | धम्की/आरोप | ४ | ४ | ३ | ४ | २ | १७ |
| ८ | छापामारद्वारा प्रदर्शन | ० | २ | ३ | १ | ० | ६ |
| ९ | छापामारद्वारा शिविर छाडेको (हतियार सहित) | १ | ० | १ | १ | ० | ३ |
| १० | तोडफोड/आगजनी | १ | २ | ० | ० | ० | ३ |
| ११ | गोली प्रहार | ० | १ | ० | ० | ० | १ |
| १२ | बेपत्ता | ० | १ | ० | ० | ० | १ |
| | जम्मा | ५३ | ६४ | ३७ | ५१ | ३७ | २४२ |

राज्यद्वारा परिपालना नगरिएका प्रतिनिधिमुलक घटनाहरु

| क्र.सं. | घटना प्रकृति/विवरण | पूर्वाञ्चल | मध्यमाञ्चल | पश्चिमाञ्चल | मध्यपश्चिमाञ्चल | सुदुरपश्चिमाञ्चल | मुलुकभर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | सैन्य भर्तीको विज्ञापन | - | - | - | - | - | २ | २ |
| २ | हतियार सहित गस्ती | ० | ० | २ | ० | ० | | २ |
| ३ | माओवादी शिविरको रसदपानी आपूर्ति नगरिएको | - | - | - | - | - | १ | |
| ४ | गैर-कानूनी गिरफ्तारी | २ | ० | ० | ० | ० | | २ |
| ५ | धम्की/आरोप | ० | १ | ० | १ | १ | | ३ |
| ६ | कुटपिट/जबर्जस्ती | ० | ० | १ | १ | १ | | ३ |
| ७ | हतियार बेचबिखन | ० | १ | ० | ० | ० | | १ |
| | जम्मा | २ | २ | ३ | २ | २ | | १४ |

## मूलभूत तथ्य एवं निष्कर्ष

- शान्ति सम्झौताको व्यवहारिक रूपमा कार्यान्वयन एवं पूर्ण परिपालना दुवै पक्षबाट भएको पाइएन । घटना विशेषलाई आधार बनाई अध्ययन गर्ने हो भने नेकपा (माओवादी) शान्ति सम्झौता उल्लंघनतर्फ बढी उद्यत भएको देखिन्छ तथापि, शान्ति सम्झौताको परिपालनामा राजनैतिक परिपक्कता एंव इमान्दारितापूर्वक कार्यान्वयन गर्ने अहम दायित्वबाट राज्य समेत विचलित भएको पाइएको छ ।
- शान्ति सम्झौता सम्पन्न भएको एक वर्ष बितिसक्दासमेत सर्वसाधरण लगायत सम्बन्धित हस्ताक्षरकारी पक्षका निकायहरूमा समेत शान्ति सम्झौताका प्रावधानप्रति अनभिज्ञता रहेको पाइएको छ ।
- राज्य एवं नेकपा (माओवादी) द्वारा तत्कालीन सशस्त्र जनयुद्धको अवधिमा बेपत्ता बनाइएका नागरिकहरूलाई सार्वजनिक गर्ने प्रतिबद्धता विपरित हालसम्म पनि सम्बन्धित पक्षबाट आवश्यक र तत्परता एवं चासो देखाइएको छैन ।
- नेपाली सेना सैनिक पोशाकमा हतियारसहित गाउँमा निस्किनाले तथा नेकपा (माओवादी) लडाकुहरू सैन्य पोशाकमा पटक-पटक सार्वजनिक स्थलमा उपस्थिति हुने तथा धर्ना दिने गरेकाले जनतामा त्रास उत्पन्न भएको पाइएको छ ।
- शान्ति सम्झौताको परिपालना नभइरहेको पृष्ठभूमिमा भोलि मंसीर ६ गते हुने भनिएको संविधानसभाको निर्वाचन स्थगित भएपछि आम नागरिकमा थप भय र त्रास बढ्दै गएको पाइएको छ ।
- शान्ति सम्झौता विपरित वाइसिएलबाट जन-कारवाही गर्ने, यातना दिने, डर-धम्की उत्पन्न गराउनेजस्ता कामकारवाही पटक-पटक भएको पाइएको छ ।
- नेकपा (माओवादी) ले युद्धकालमा जफत गरेका जग्गा तथा सम्पत्ति अझैसम्म पूर्ण रूपमा फिर्ता गरी नसकेको पाइएको छ ।
- नेकपा (माओवादी) ले कर संकलन र सहयोगको नाममा गैह्र कानुनी रूपमा रकम असुलीजस्ता कामलाई निरन्तरता दिइरहेको पाइएको छ ।
- शान्ति सम्झौता विपरित नेपाली सेनामा सैन्य भर्तीको विज्ञापन गरिनुले सम्बन्धित पक्षमा विश्वासको संकट उत्पन्न भएको पाइएको छ ।
- वाइसिएलका नाममा अन्य छदमभेषी समूहले विभिन्न स्थानमा आपराधिक क्रियाकलाप गरिरहेको पाइएको छ ।
- दण्डहिनताका कारण मानव अधिकार उल्लंघनका घटनाहरूमा अपेक्षाकृत रूपमा कमी आउन नसकेको पाइएको छ ।
- नेकपा (माओवादी) सरकारबाट बाहिरिएको पृष्ठभूमिमा व्यवस्थापिका संसदमा चलिरहेको राजनीतिक समीकरणको खिचातानीले शान्ति सम्झौताको परिपालनाको विषय ओझेलमा परेको छ ।

## सुझाव/सिफारिस

- नेपाल सरकार र नेकपा (माओवादी) बीच सम्पन्न विस्तृत शान्ति सम्झौता मुलुकमा एक दशकसम्म चलेको आन्तरिक सशस्त्र संघर्षको आधिकारिक अन्त्य गरी शान्तिपूर्ण राजनीतिक अवतरण गर्ने ऐतिहासिक साझा दस्तावेज भएकोले सो को परिपालाना र कार्यान्वयन बाध्यकारी एवं उल्लंघनको हकमा दण्डनीय बनाइनुपर्दछ ।
- दण्डहिनताको संस्कृति व्याप्त भएको वर्तमान अवस्थामा शान्ति सम्झौतामा उल्लेखित प्रावधान बमोजिम मानव अधिकार एवं मानवीय कानुनको उल्लंघनका दोषीहरूलाई जवाफदेही बनाउन एवं पीडितलाई न्याय प्रदान गर्न पूर्ण राजनीतिक इच्छा शक्तिसहित स्वतन्त्र, दक्ष एवं विश्वसनीय ढाँचाको सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गरिनुर्पदछ ।
- विस्तृत शान्ति सम्झौताका सम्बन्धमा सम्बन्धित पक्षको सम्पूर्ण तह र इकाईमा परिपालनार्थ निर्देशन जारी गर्ने प्रावधान भएता पनि अधिकांश जिम्मेवार तह र निकायमा यस सम्बन्धी अनभिज्ञता पाइएकोले अविलम्ब निर्देशन जारी गरिनुपर्दछ साथै सम्बन्धित पक्षबाट शान्ति सम्झौताका उल्लंघनका घटनाहरूउपर पारदर्शी छानबिन गर्ने परिपाटी बसाइनुपर्दछ ।
- विस्तृत शान्ति सम्झौताको अनुगमन प्रक्रिया औपचारिक, आधिकारिक एवं नियमित रूपमा मुलुकभर संचालन गरिनुपर्ने स्थिति रहेकोले यस सम्बन्धमा कार्यरत सम्पूर्ण सरकारी निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था एवं अन्तरसरकारी संस्थाहरूलाई थप प्रभावकारी बनाइ आपसी समन्वय कायम गर्न राज्यस्तरमा एक उच्चस्तरीय स्वतन्त्र निकाय अविलम्ब स्थापना गरिनुपर्दछ ।
- विस्तृत शान्ति सम्झौतामा उल्लेख भएबमोजिम मानव अधिकारको दृष्टिकोणबाट अविलम्ब कार्यान्वयन गरिनुपर्ने सवालहरू जस्तैः सशस्त्र द्वन्द्वका बेला घाइते भएका, अपाङ्ग बनाइएका, यौन हिंसाबाट पीडित पारिएका, विस्थापन गरिएका, बेपत्ता पारिएका, अपहरणमा परेका लगायत अन्य पीडित एवं परिवारलाई राहत सहयोगको व्यवस्था अविलम्ब गरिनुपर्दछ ।
- विस्तृत शान्ति सम्झौताको परिपालना संविधानसभाको निर्वाचनको स्वतन्त्रता एवं सुनिश्चितततासँग अन्योन्याश्रित विषय भएकोले सम्बन्धित हस्ताक्षरकारी दुवै पक्षलाई उत्तरदायी बनाउन मतदाता शिक्षा, निर्वाचन पर्यवेक्षण लगायत संविधानसभाको सेरोफेरोमा कार्यरत सम्पूर्ण नागरिक समाजका संस्थाहरूले शान्ति सम्झौताको अनुगमनलाई आफ्नो कार्यसूचिको प्राथमिकतामा राख्नु अपरिहार्य छ ।

डा. गोपाल कृष्ण सिवाकोटी
अध्यक्ष